# शहीदनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

यदुकूहा, धनुषा

मधेश प्रदेश, नेपाल

## औषधि तथा औषधिजन्य सामाग्रीहरु खरीद सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९।०२।२६**

आ.ब. २०७८।०७९ मा आवश्यक पर्ने औषधि तथा सर्जिकल सामाग्रीहरु दरभाउपत्र माध्यम बाट खरीद गर्नुपर्ने भएकोले औषधि सप्लाई सम्बन्धी कारोबार गर्ने ईजाजत पत्र, व्यवसाय सम्बन्धी प्रमाण पत्र, मुल्य अभिबृद्धी कर प्रमाण पत्र र आ.ब. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहीत आवश्यक सम्पुर्ण कागजातहरु संलग्न राखी सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालय बाट दरभाउपत्र फारम खरीद गर्नको लागी यो सुचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र दाताले खरीदगरेको दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रू. १,०००।- (अक्षरेपी एक हजार रुपैंया मात्र) पछी फिर्ता नहुने गरी नगदै यस कार्यालयमा दाखिला गरी वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको आन्तरीक राजस्व खाता नं. १२२०१००३०१०१००१० मा रकम जम्मा गरी खरीद गर्न र १६ औ दिन १२:०० बजे भित्र यस कार्यालयमा फर्मको नाम, ठेगाणा र कामको प्रयोजन उल्लेख गरी सिलबन्दी गरी दाखिला गर्न सकिने छ । खरीद गरेको दरभाउपत्र दाखिला गर्ने दिन बिदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ र म्याद नाघि वा रित नपुगि आएको निवेदन उपर कुनै कार्यवाही हुने छैन ।

२. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत बापतको रकम रु. १,२५,०००।- (अक्षरेपी रु. एक लाख पच्चीस हजार मात्र) शहीदनगर नगरपालिकाको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं. १२२०१००३०३००००१० दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा दरभाउपत्रको सुचनाको अन्तिम दिनबाट १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्ते बाणिज्य बैंकको बैंक ग्यारेन्टी दरभाउत्रसाथ पेश गर्नुपर्नेछ । दरभाउ पत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको २.५% बराबरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

३. दरभाउ पत्रदाताले कवोल गरेको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । दरभाउपत्रमा केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनु पर्नेछ । बोलपत्र फारममा कुनै शर्त राखी पेश गर्न पाईने छैन ।

४. दर्ता भएका दरभाउपत्र फारमहरु १६ औ दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजले खटाएको प्रतिनिधिको रोहवरमा खोलिने छ । उक्त दिन बिदा परेमा सो पछि कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुने छ । बोलपत्र फारम खोल्दा कुनै बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोल पत्र खोल्न बाधा पर्ने छैन ।

५. नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बेलपत्र पूर्ण वा आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. दरभाउपत्रमा उल्लेख भएकोऔषधि तथा औषधिजन्य सामाग्रीहरुको परिमाण थपघट समेत हुन सक्ने छ । यसरी थप घट भएता पनि दरभाउपत्र दाताले कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्ने छ । सम्पुर्ण करहरु दरभाउपत्र दाताले नै व्यहोर्नु पर्ने छ ।

७. स्वीकृत दरभाउपत्र दाताले सामानमा अंकित मुल्य भन्दा बढी दर पेश गर्न पाईने छैन । साथै दरभाउपत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समय अबधि भित्र सामान बुझाउनु पर्ने छ । सामानको केही अंश वा सम्पुर्ण सामान बुझाउन नसकेमा प्रचलित ऐन कानुन बमोजिम कार्यवाही हुने छ ।

८. सम्झौता र दरभाउ पत्रमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिमको गुणस्तर युक्त WHO बाट GMP गुणस्तर कायम औषधि स्पलाई गर्नु पर्ने छ । प्रत्येक प्याकेट भित्र उत्पादन मिति, म्याद नाघ्ने मिति, ब्याच नं. साथै निःशुल्क वितरणको लागी भन्ने शब्द उल्लेख भएको हुनुपर्ने छ । साथै तोकिएको समयमा समान आपुर्ति नगरेमा वा आलटाल गरेमा धरौटी जफत गरी कार्यालयले कानून बमोजिम गर्ने छ ।

९. दरभाउपत्र दाताले उपलब्ध गराएको औषधि गुणस्तरयुक्त नभएमा फिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । यसरी फिर्ता गर्दा लाग्ने ढुवाणी खर्च दरभाउपत्र दाताबाट असुल उपर गरिने छ । प्रयोगाशालामा परिक्षण गर्नुपर्ने अवस्था आएमा सोको लाग्ने खर्च दरभाउपत्र दाताले नै व्यहोर्नु पर्ने छ ।

१०. औषधिहरुको म्याद नाघने मितिको हकमा कार्यालयमा दाखिला भएको मिति देखी कम्तिमा १८ (अठाढ़) महिना हुनु पर्ने छ । साथै अठाढ़ महिना भन्दा कम म्याद नाघने मिति हुनेको हकमा ७५% म्याद बाँकी भएको हुनुपर्ने छ ।

११. उपरोक्त सर्त बाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमाबली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१२. सार्बजनिक खरीद नियमावली २०६४ को नियम ४० को ङ बमोजिम दरभाउपत्र दाताले खरीद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरीद कार्यमा अफनो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा घोषण पत्र पेश गर्नु पर्ने छ ।

१३. विदेशी कम्पनीको औषधिहरुको हकमा पैठारी सिफारीस भएको नोटरी पब्लीक बाट प्रमाणित भएको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

| ठेक्का संकेत नं. | कामको विवरण | आवश्यक संख्या | लागत अनुमान (मु.अ. कर सहित) | बिड सेक्युरेटी रकम रु. | दरभाउ पत्र दस्तुर रकम रु. |
|---|---|---|---|---|---|
| श.न.पा.०१/स्वास्थ्य/०७८/०७९ | औषधि तथा औषधिजन्य सामाग्री खरीद | | ५०,००,०००।०० | १,२५,०००।०० | १०००।०० |

**रामकिशोर महतो**
**प्रमुख प्रशासकीय अधिकृत**